**१९ औ नगरसभा**

**बैठक संख्याः- २, निर्णय नं. २**

**प्यूठान नगरपालिकाको तपसिल अनुसारको विनियोजन ऐन २०८२ सभाबाट सर्वसहमतिले पारित गरियो ।**

## प्यूठान नगरपालिकाको विनियोजन ऐन २०८२

प्यूठान नगरपालिका नगर कार्यपालिकाको आर्थिक वर्ष २०८२/०८३ को समग्र विकास, सेवा प्रवाह र सुशासनको लागि नगरपालिकाको सन्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने व्यवस्था गर्न बनेको ऐन ।

**सभाबाट स्वीकृत मितिः- २०८२/०३/३२**

**प्रस्तावनाः**

प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को समग्र विकास, सेवा प्रवाह र सुशासनको लागि संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय ऐन भएकोले नेपालको संविधानको धारा २२९ को उपधार २ बमोजिम प्यूठान नगरपालिकाको १९ औ नगरसभाले यो ऐन बनाएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "प्यूठान नगरपालिकाको विनियोजन ऐन २०८२" रहेको छ।

२. यो ऐन २०८२ साल श्रावण १ गते देखी लागु हुने छ।

**२) आर्थिक वर्ष २०८२/०८३ को लागि सञ्चितकोष बाट रकम खर्च गर्ने अधिकारः**

१.आर्थिक वर्ष २०८२/०८३ को लागि नगरपालिका, विषयगत समितिहरु, बड़ा समितिहरु, विषयगत शाखाहरुले गर्ने समग्र विकास सेवाप्रवाह र सुशासनको लागि अनुसूची १ मा उल्लेखित जम्मा बिनियोजित बजेट रु. ९३.६१.१७,०४०।- (त्रियानब्बे करोड एक्सठ्ठी लाख सत्र हजार चालिस मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३) विनियोजनः**

१. यस ऐन द्वारा सञ्चितकोषवाट खर्च गर्ने अधिकार दिई ऐनको रकम आर्थिक वर्ष २०८२/०८३ को लागि प्यूठान नगरपालिका नगरकार्यपालिकाको समग्र विकास, सेवाप्रवाह र सुशासनका निमित्त विषयगत समितिहरु, बडा समितिहरु र विषयगत शाखाहरुले गर्ने कार्यहरुको लागि विनियोजन गरिएकोछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरकार्यपालिका विषयगत समिति, बड़ा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनराउन सकिनेछ। पूँजिगत खर्चलाई चालु खर्चतर्फ सार्न सकिने छैन तर विनियोजित चालु खर्चलाई पूँजिगत खर्चतर्फ रकमान्तर गर्न सकिनेछ। तर चालु र पूँजिगत खर्च व्यहोर्न एक स्रोतबाट अको स्रोतमा रकमान्तर गर्न सकिने छैन ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्ने छ।

अनुसूचि-१

दफा (२) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चितकोषबाट विनियोजन हुने रकम रु.

| क्र.स. | अनुदान संख्या | शिर्षकको नाम | | चालु | पुंजी | वित्तीय व्यवस्था | विनियोजित बजेट रु. |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | | ४ | ५ | ६ | ७ |
| १ | | नगरपालिका | | क्षेत्रगतमा समावेस गरिएको | | | |
| २ | | वडा समिति | | | | | |
| ३ | | विषयगत शाखा | आर्थिक विकास | १४१००००० | - | - | १४१००००० |
| | | | सामाजिक विकास | ६९२००००० | - | - | ६९२००००० |
| | | | पूर्वाधार | - | १३१३८५६७६ | - | १३१३८५६७६ |
| | | | वातावरण तथा विपद व्यवस्थापन | ३०००००० | १५००००० | - | ४५००००० |
| | | | सुशासन | ११३८३१३६४ | - | - | ११३८३१३६४ |
| ४ | | सामाजिक सुरक्षा भत्ता | | १८००००००० | | | १८००००००० |
| ५ | | ऋणको सावाँ व्याज भुक्तानी | | - | - | - | ० |
| ६ | | लगानी (शेयर/ऋण) | | - | - | - | ० |
| ७ | | प्रदेश सरकार सर्शत अनुदान | | २०००००० | ११०००००० | | १३०००००० |
| ८ | | प्रदेश सरकार विशेष अनुदान | | - | १८००००० | - | १८००००० |
| ९ | | प्रदेश सरकार समपुरक अनुदान | | - | १२०००००० | - | १२०००००० |
| १० | | संघीय सरकार शर्सत अनुदान | | ३२५८००००० | ३८०००००० | - | ३६३८००००० |
| ११ | | संधीय सरकार समपुरक अनुदान | | - | २४०००००० | - | २४०००००० |
| १२ | | संघीय सरकार विशेष अनुदान | | - | ८५००००० | - | ८५००००० |
| जम्मा | | | | ७०७९३१३६४ | २२८१८५६७६ | ० | ९३६११७०४० |

**देवेन्द्र बर्मा**

**नगर उप-प्रमुख**

**प्यूठान नगरपालिका, प्यूठान**

**मिति: २०८२।०३।३२**